# आठबीस नगरपालिका

# स्थानीय राजपत्र



| खण्डः९ | संख्याः७ | मितिः२०८२।०७।२३ |
|---|---|---|



## भाग-२

**आठबीस नगरपालिका, नगर कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

**आठबीस नगरपालिकाबाट छात्रवृत्ति प्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मी परिचालन सम्बन्धी कार्यविधि, २०८२**

**प्रस्तावनाः** आठबीस नगरपालिकाको छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०७५ ले MBBS, HA र Staff Nurse अध्ययन गर्ने विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्ने र छात्रवृत्ति प्राप्त गरी शैक्षिक कार्यक्रम पुरा गरेका चिकित्सक तथा स्वास्थ्यकर्मीहरुले नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा अनिवार्य रुपमा ३ (तीन) वर्ष सेवा प्रदान गर्नुपर्ने व्यवस्थालाई कार्यान्वयन गर्न छात्रवृत्ति प्राप्त गरी शैक्षिक कार्यक्रम पुरा गरेका चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई परिचालन गर्नुपर्ने भएकाले आठबीस नगरकार्यपालिका, दैलेखले यो कार्यविधि बनाइ लागू गरेको छ।

### परिच्छेद- १ प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम " आठबीस नगरपालिकाबाट छात्रवृत्ति प्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मी परिचालन सम्बन्धी कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि नगरकार्यपालिकाबाट स्वीकृत भएपश्चात तुरुन्त लागु हुनेछ ।

२. **परिभाषाः** विषय या प्रसगंले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

क) "कार्यालय" भन्नाले आठबीस नगरकार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ।

ख) "छात्रवृत्ति प्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मी" भन्नाले आठबीस नगरपालिकाको छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०७५ बमोजिम छात्रवृत्ति प्राप्त गरी शैक्षिक कार्यक्रम पुरा गरी सम्बन्धित काउन्सिलमा दर्ता भई सेवाका लागि योग्य भएका व्यक्तिलाई सम्झनुपर्दछ।

ग) "स्वास्थ्य संस्था" भन्नाले नगरपालिकाको मातहतमा रहेका नगर /आधारभुत अस्पताल, स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुलाई सम्झनुपर्दछ।

## परिच्छेद - २

## आठबीस नगरपालिकाबाट छात्रवृत्ति प्राप्त स्वास्थ्यकर्मी परिचालन सम्बन्धी व्यवस्था

**३. <u>स्वास्थ्यकर्मी परिचालन गरिने:</u> (१)** आठबीस नगरपालिकाको छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०७५ बमोजिम छात्रवृति प्राप्त गरि शैक्षिक कार्यक्रम पुरा गरेका चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई स्वास्थ्य संस्थाहरुमा कामकाजमा खटाइने छ।

## परिच्छेद-३

## नियुक्ति सम्बन्धी व्यवस्था

४. दफा (३) बमोजिम कामकाजमा खटाइने चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको सेवा करार कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ तथा नियमावली, २०८१ मा उल्लेख भए बमोजिमको सम्बन्धित सेवा समूह वा उपसमूहको सुरुको तहमा हुनेछ।

**५. प्रमाणपत्र पेश गर्नुपर्ने:** छात्रवृत्ति प्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मीहरुले यस कार्यविधि बमोजिम सेवा करारको लागि तपसिलका कागजात/प्रमाणहरु पेश गर्नुपर्नेछः

क. आठबीस नगरपालिकाको छात्रवृत्ति सम्बन्धी कार्यविधी, २०७५ बमोजिम छात्रवृत्तिको सम्झौताको प्रतिलिपि,

ख. चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,

ग. काउन्सिल दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

**घ.** नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

परिच्छेदः४

## सेवा सुविधा सम्बन्धी व्यवस्था

**६. सेवा सुविधा सम्बन्धी व्यवस्थाः** )१( सेवा करारको चिकित्सक तथा स्वास्थ्यकर्मीको पदावधि एक पटकमा छ महिनामा नबढ्ने गरी सेवा करार सम्झौतामा तोकिए बमोजिम हुनेछ। सेवा करारमा रहेका चिकित्सक तथा स्वास्थ्यकर्मीद्वारा सम्पादित कार्य सन्तोषजनक रहेमा आवश्यकता अनुसार सेवा करारको अबधि थप गर्न सकिनेछ।

) २ (मासिक पारिश्रमिक नगरपालिकाको समान तह र पदमा खाईपाई आएको शुरु तलब स्केल बराबर नेपाल सरकारले तोके बमोजिम हुनेछ।

) ३ (उपदफा )३बमोजिमको मासिक पारिश्रमिक वाहेक ( सोही तहको पदले पाउने नियमानुसारको दैनिक तथा भ्रमण भत्ता उपलब्ध गराइनेछ।

) ४कम्तिमा छ महिनासम्म यस कार्यविधि बमोजिम निरन्तर सेवा करारमा कार्यरत रहेको ( कर्मचारीलाई नियमानुसार वार्षिक एक महिनाको शुरु तलव बराबरको चाडपर्व खर्च रनेपाल सरकारले तोके बमोजिमको पोशाक भत्ता उपलब्ध हुनेछ।

(५) चिकित्सक कर्मचारीको हकमा मासिक २०,००० प्रोत्साहन बापत रकम उपलब्ध गराइनेछ।

) ६ (महिनाको एक दिनका दरले वार्षिक बाह्र दिन घर विदा, वार्षिक छ दिन भैपरी आउने बिदा ६ , दिन पर्वविदा, क्रिया विदा लिनु पर्ने आवश्यक भएमा एक पटकमा बढिमा पन्ध्र दिन क्रिया विदा उपलब्ध हुने छ। घर विदा र भैपरी आउने विदा चैत्र मसान्त भित्र खर्च नभएमा सञ्चित गरी अर्को वर्ष लिन पाइने छैन।

) ७ (महिला चिकित्सक तथा स्वास्थ्यकर्मी हकमा प्रसुती हुनु अघि र पछि गरी बढीमा ९८ (अन्ठानब्बे) दिनसम्म तलवी प्रसुती विदा उपलब्ध हुनेछ र प्रसुती अवस्थाकै कारणले थप विदाको आवश्यकता पर्ने भएमा बढिमा तिस दिनसम्म वेतवली विदा उपलब्ध हुन सक्नेछ।

) ८ यस दफा बमोजिम (चिकित्सक तथा स्वास्थ्यकर्मी विदा बसेकै अवस्थामा करारको म्याद समाप्त भएमा म्याद समाप्त भएपछिको कुनै सेवा सुविधा उपलब्ध हुने छैन।

) ९ विदा अधिकारको रुपमा नभइ (सहुलियत मात्र हुनेछ।

## परिच्छेद- ५

## आचार संहिता सम्बन्धि व्यवस्था

७. **आचार संहिता पालना गर्नुपर्ने:** यस कार्यविधि बमोजिम सेवा करारमा नियुक्ति हुने चिकित्सक तथा स्वास्थ्यकर्मीले कर्णाली प्रदेश स्थानीय सेवा ,तथा नियमावली २०८१ ,ऐन (गठन तथा सञ्चालन) २०८१ मा भएको व्यवस्था बमोजिम आचार संहिता पालना गर्नुपर्नेछ।

## परिच्छेद —६

## चिकित्सक तथा स्वास्थ्यकर्मीको कार्य विवरण

८. **चिकित्सकको काम, कर्तव्य र अधिकारः** यस कार्यविधी बमोजिम खटिएका चिकित्सकहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) स्वास्थ्य संस्थामा आएका सेवाग्राहीहरुको स्वास्थ्य परिक्षण गरी आवश्यक उपचार गर्ने र उपचार प्रकृयामा आवश्यकता अनुसार अनुगमन गर्ने,

ख) बिरामीको उपचारका लागि विशेषज्ञ चिकित्सकको आवश्यकता भएमा सम्बन्धित विषेशज्ञलाई विवरण सहित सिफारिस गर्ने,

ग) स्वास्थ्य संस्थामा गरिएका उपचार सम्बन्धी सम्पूर्ण विवरण तत्सम्बन्धी ढांचा बमोजिम रेकर्डिगं र रेपोर्टिंग गर्ने,

घ) उपचार सम्बन्धी विवरणहरुको प्रतिवेदन पेश गर्ने सम्बन्धमा आवश्यक प्राविधिक सल्लाह सुझाव दिने,

ङ) स्वास्थ्य संस्थामा उपचार गर्दा बिरामीको मृत्यु भएमा चिकित्सकले मृत्युको कारण र समय खोलि आवश्यक कागजात तयार गर्ने र मृत्युको प्रमाणपत्र दिने,

च) स्वास्थ्य संस्थामा अन्य स्वास्थ्य कर्मीहरु संग समेत समन्वय गरि उपचार कार्यमा पूर्ण सहयोग गर्ने,

छ) सम्बन्धित काउन्सिलले निर्धारण गरे अनुसारको पेशागत मर्यादा कायम राख्दै उच्च मनोबल सहित सेवाग्राहीहरुको सेवा कार्यमा संलग्न रहने,

ज) नेपाल सरकार तथा नगरपालिकाले दिएको निर्देशनको गम्भिरतापुर्वक पालना गर्ने।

९. **स्वास्थ्यकर्मीको काम, कर्तब्य र अधिकार**ः यस कार्यविधि बमोजिम नगरपालिकामा खटिएका स्वास्थ्यकर्मीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छः-

क) जुन पदमा नियुक्ति भएको हो सो पदका लागि नेपाल सरकारले तोकेको कार्य विवरण अनुसारको काम गर्ने,

ख) नेपाल सरकारले तर्जुमा गरेको स्वास्थ्य नीति तथा कार्यक्रममा कार्यान्वयनमा दक्षता अनुसारको कार्य गरि सहयोग पुर्याउने,

ग) स्वास्थ्य संस्थामा प्रदान गरिएको स्वास्थ्य सेवासँग सम्बन्धित सम्पूर्ण विवरण तत्सम्बन्धी ढाँचा बमोजिम अभिलेखन, प्रतिवेदन गर्ने,

घ) स्वास्थ्य सँग सम्बन्धित बार्षिक योजना तर्जुमा, त्यसको कार्यान्वयन र मुल्यांकन कार्यमा सहयोग पुर्याउने,

ङ) स्वास्थ्य संस्थामा अन्य स्वास्थ्यकर्मीहरु सँग समन्वय गरी स्वास्थ्य सेवा प्रवाहमा पुर्याउने,

च) नेपाल सरकार तथा नगरपालिका दिएको निर्देशनको गम्भीरतापुर्वक पालना गर्ने।

## परिच्छेद-७

## विविध

९. **हाजिर भएको जानकारी दिनुपर्ने**ः दफा ३ बमोजिम चिकित्सक तथा स्वास्थ्यकर्मीले खटाइएको स्थानमा हाजिर भए पश्चात सोको जानकारी सम्बन्धित निकायले कार्यालयलाई पठाउनुपर्नेछ।

१०. **सुपरीवेक्षणमा रहनुपर्ने**ः चिकित्सक तथा स्वास्थ्यकर्मीले प्रमुख प्रशासकीय अधिकृतको सुपरीवेक्षणमा रही कामकाज गर्नुपर्नेछ।

११. **करार सम्झौता रद्द हुन सक्ने**ः (१) चिकित्सक तथा स्वास्थ्यकर्मीको कार्यसम्पादन सन्तोषजनक नभएको भन्ने जानकारी प्राप्त भएमा कार्यालयले जुनसुकै समयमा करार सम्झौता रद्द गर्न सक्नेछ।

१२. दावी गर्न नपाउनेः चिकित्सक तथा स्वास्थ्यकर्मीले निजको करार अवधि समाप्त भएपछि वा अन्य कुनै कारणले निज पदमुक्त भएपछि एकपटक काम गरेकै आधारमा भविष्यमा सम्बन्धित वा अन्य कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनका लागि कुनैपनि प्रकारको दावी गर्न पाउने छैन।

१३. **<u>प्रचलित कानुन बमोजिम हुने</u>**ः यस कार्यविधिमा उल्लेख भए बाहेकका अन्य विषयहरूमा प्रचलित कानुन बमोजिम हुनेछ।

१४ .**<u>संशोधनः</u>** यस कार्यविधिलाई आवश्यकता र औचित्यताका आधारमा नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ।

आज्ञाले,

(बिनोद कुमार माझी)

प्रमुख प्रशासकीय अधिकृत